# मिथिला बिहारी नगरपालिकाको

आर्थिक वर्ष २०८१।०८२ को

# वार्षिक बजेट तथा कार्यक्रम

मिथिला बिहारी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

तारापट्टी, धनुषा

मधेश प्रदेश (नेपाल)

२०८१।०३।१० गते (सोमवार)

"समुन्नत, सुरक्षित र वातावरण मैत्री सुन्दर मिथिला बिहारी शहर: कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा एवं प्रविधि मैत्री समृद्ध मिथिला बिहारी नगर"

मिथिला बिहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तारापट्टी, धनुषा
मधेश प्रदेश, नेपाल

यस मिथिला बिहारी नगर सभाको सभामा उपस्थित सभा सदस्य ज्यूहरु, सम्पूर्ण राष्ट्र सेवक कर्मचारी, बुद्धिजीवि, पत्रकार मित्र, सुरक्षा निकायका प्रतिनिधि, राजनितिक दलका पदाधिकारी तथा यहाँ उपस्थित सम्पूर्णमा यस नगर कार्यपालिकाको दशौ नगर सभामा हार्दिक स्वागत गर्दछु।

मिथिला बिहारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम यस गरिमामय नगर सभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ। यस मिथिला बिहारी नगरपालिकाको दशौ नगर सभामा पाल्नु हुने सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दछु।

अब म, यस नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अनुमानित बजेटको विवरण प्रस्तुत गर्न चाहन्छु। अगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु. ४३ करोड ४९ लाख २३ हजारको बजेट प्रस्तुत गरेको छु।

| शिर्षक | अनुमानित आय |
|---|---|
| **संघीय सरकारवाट प्राप्त अनुदान** (रकम रु. हजारमा) | |
| वित्तिय समानिकरण | १० करोड ९६ लाख |
| सशर्त अनुदान | २० करोड ३२ लाख ३ हजार |
| राजश्व बाँडफाँड | ९ करोड १५ लाख |
| सम्पूरक अनुदान | ६५ लाख |
| **प्रदेश सरकारवाट प्राप्त अनुदान** (रकम रु. हजारमा) | |
| वित्तिय समानिकरण | ८० लाख |
| सशर्त अनुदान | -- |
| विशेष अनुदान | -- |
| समपूरक अनुदान | -- |
| राजश्व वाडफाँड | ३० लाख |
| **आन्तरिक श्रोत** | |
| राजश्व अनुमान | १ करोड ६० लाख |
| संचित कोषमा मौज्दात | -- |

- कुल जम्मा – ४३ करोड ४९ लाख २३ हजार विनियोजित।

अन्त्यमा बजेट तथा कार्यक्रम प्रस्तुत गर्न मार्ग निर्देशन गर्नुहुने सम्पूर्ण राजनितिक दलका पदाधिकारी ज्यूहरु, निजि क्षेत्र तथा विकास साझेदार संस्थाका महानुभावहरु, वडा अध्यक्ष ज्यूहरु, नगरकार्यपालिका सदस्य ज्यूहरु, नगर सभाका सदस्य ज्यूहरु, राष्ट्र सेवक कर्मचारीहरु, बुद्धिजिविहरु, पत्रकार, सुरक्षा निकायका प्रतिनिधि लगायतका आदरणीय नगरवासीहरु सबैमा धन्यवाद ज्ञापन गर्दछु।

मिथिला बिहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय तारापट्टी, धनुषा मधेश प्रदेश, नेपाल

राजेन्द्र प्रसाद यादव
नगर प्रमुख

# मिथिला बिहारी नगरपालिकाको

## आ. व. २०८१।०८२ को दशौं नगर सभाका बजेटको

# नीति तथा कार्यक्रम

**मिथिला बिहारी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**तारापट्टी, धनुषा**

**मधेश प्रदेश (नेपाल)**

**२०८१।०३।१० गते (सोमवार)**

"समुन्नत, सुरक्षित र वातावरण मैत्री सुन्दर मिथिला बिहारी शहरः कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा एवं प्रविधि मैत्री समृद्ध मिथिला बिहारी नगर"

मिथिला बिहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय तारापट्टी, धनुषा मधेश प्रदेश, नेपाल

**मिथिला बिहारी नगरपालिकाको** आर्थिक वर्ष २०८१/०८२ का दशौ नगर सभाको नीति तथा कार्यक्रममा यस मिथिला बिहारी नगरपालिकाका उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, कार्यपालिका सदस्य, नगर सभाका सदस्य ज्यूहरु लगायत यस नगरपालिकामा कार्यरत सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु, पत्रकार, सुरक्षा निकायका प्रतिनिधि, बुद्धिजिवी, समाजसेवी, विभिन्न राजनितिक दलका प्रतिनिधि ज्यूहरुलाई यस मिथिला बिहारी नगरपालिकाको दशौ नगर सभामा हार्दिक स्वागत गर्दछु ।

मिथिला बिहारी नगरपालिकाको दशौ नगर सभाको नीति तथा कार्यक्रम यस गरिमामय नगर सभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । यस अवसरमा म नेपालको संघीय लोकतांत्रीक गणतन्त्रको स्थापना र स्व-शासनको लागि नेपाली जनताले गर्दै आएको जन आन्दोलन सशस्त्र जनयुद्ध र मधेश बिद्रोहमा सहादत प्राप्त गर्नु हुने वीर शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

ऐतिहासिक धार्मिक नगर मिथिला बिहारीको विकास, सुधार र सम्वृद्धिका लागि नेपालको संविधान तथा संघीय प्रदेश र स्थानीय कानून द्वारा प्रदत हक अधिकारको प्रचलन गर्न तथा कानून निर्देशित काम, कर्तव्य र दायित्व निर्वाह गर्न हामी प्रतिवद्ध छौ ।

अब म यस मिथिला बिहारी नगरपालिका को आ. व. २०८१/०८२ को दशौ नगर सभाको नीति तथा कार्यक्रम यस नगर सभाको बैठकमा प्रस्तुत गर्दछु । नगरपालिकाको दीर्घकालिन सोच "**कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा एवं प्रविधि मैत्री समृद्ध मिथिला बिहारी नगर**" रहेको छ । यस सोचलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु अवलम्बन गरिनेछ -

**१)** यस नगरका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय महत्वका सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने ।

**२)** आधुनिक सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोग गरी नगरपालिकालाई जिवन्त बनाउने ।

**३)** कृषि, पर्यटन, नव प्रवर्तनमा आधारित उद्यम र संस्थागत सुशासनलाई प्राथमिक्तामा राखी योजना तथा कार्यक्रम सञ्चालन गर्ने ।

**४)** स्थानीय शासनमा जनसहभागिता अभिवृद्धि गर्दै उत्तरदायी र पारदर्शी स्थानीय सरकारको भूमिका निर्वाह गर्ने ।

**५)** नगरपालिकालाई स्वच्छ, सफा, हरियाली तथा सुरक्षित र समुन्नत नगरको रुपमा विकास गर्ने ।

**६)** अबका दिनहरुमा मिथिला बिहारी नगरपालिकाको स्थानीय सरकारले यस नगरपालिकाका सर्वसाधारण जनताले प्रत्यक्ष अनुभूति गर्ने खालका योजनाहरू तर्जुमा गरी कार्यान्वयनमा प्रत्यक्ष सहभागी भइरहेको र अझ बढी सहभागी गराउने नीति लिएको छ ।

**७)** मिथिला बिहारी नगरपालिका क्षेत्रमा मुख्य र सहायक सड़क सन्जालको वर्गिकरण, स्तरोन्नति र जिर्णोधार तथा नयाँ निर्माण प्राथमिकताका आधारमा न्यूनतम लेनको सड़कलाई डवल लेनमा परिणत गर्ने कार्यमा जोड दिँदै "नगर सडक नगर विकाशको आधार" को अवलम्वन गर्दै सड़क सन्जालको विकास, विस्तार र स्तरोन्नती गरिनेछ ।

**८)** यस नगरपालिकाको बासिन्दाको मुख्य श्रोतको रूपमा रहेको कृषि र पशुपालनलाई प्रमुख क्षेत्रको रूपमा विकास गरिनेछ । प्रमुख बालीको उत्पादकत्व बढाई उत्पादनमा आत्म निर्भर र निर्यात मूलक उत्पादनमा जोड दिइनेछ । कृषि र पशु पालनलाई व्यावसायिक बनाउन सिचाँई, मलखाद्य, उन्नत विंउ विजनको उपलब्धता र सामूहिक तथा सहकारी खेतीमा जोड दिइनेछ । पशु र पशुजन्य पदार्थको उत्पादन, उत्पादकत्व वढाई समूचित बजारीकरणका कार्यक्रमलाई प्रोत्साहन दिइनेछ । आर्थिक तथा समाजीक रूपले पछाडी परेका कृषि र पशुपालन केन्द्रीत कार्यक्रमलाई अझ वढी प्राथमिक्ताक्रममा राखी पाकेटको रुपमा सन्चालन गरिनेछ ।

**९)** नगरपालिका क्षेत्र भित्र सञ्चालित विद्यालय र शिक्षकहरुको मूल्याङ्कन गरी पुरस्कृत गरिनेछ । साथै स्वास्थ्यकर्मीहरुलाई समेत उत्कृष्ट काम गरे वापतको सम्मान गरिनेछ ।

मिथिला बिहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय तारापट्टी, धनुषा मधेश प्रदेश, नेपाल

राजेन्द्र प्रसाद यादव
नगर प्रमुख

१०) स्वच्छ खानेपानीमा नागरिकको पहुँचमा बृद्धि गरिनेछ। प्राथमिकता प्राप्त खानेपानी आयोजना र राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ अनुसारको कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ। खानेपानीको वितरण तथा उपभोगमा स्थानीयवासी तथा खानेपानी उपभोक्ताहरुलाई जिम्मेवार बनाउँदै लगिनेछ।

११) वातावरण तथा जलवायुमैत्री पूर्वाधारको विकासमा जोड दिइनेछ।

१२) शिक्षा र स्वास्थ्य क्षेत्रमा हालसम्म भएको लगानीले स्वस्थ, शिक्षित र सभ्य नागरिक उत्पादन भएको उपलब्धीलाई संस्थागत गरी गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको व्यवस्था मिलाइनेछ। शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सञ्चालित कार्यत्रमहरुको प्रभावकारी रुपमा कार्यान्वयन र अनुगमणमा जोड दिइनेछ।

१३) लैङ्गिक समानता, महिला सशक्तिकरण, लैङ्गिक मूलप्रवाहिकरण र महिला सहभागिता बृद्धि गर्ने नीतिलाई प्रोत्साहित गरिनेछ।

१४) मिथिला बिहारी नगरपालिकाको समृद्धिका लागि विज्ञान र प्रविधिको क्षेत्रबाट प्राप्त हुनसक्ने लाभ, अवसर र सम्भावनालाई खोजी गरी यस क्षेत्रलाई संख्यात्मक तथा गुणनात्मक विकास गरिनेछ।

१५) पर्यटन क्षेत्रलाई अर्थतन्त्रको आधारको रुपमा विकास गरिनेछ। मिथिला बिहारी मन्दिर, परशुराम तलाउ, ललिया ठाकुर तथा दुर्गा मन्दिर ठेरालाई आकर्षक गन्तव्यको रुपमा पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ।

१६) वैज्ञानिक वस्ती विकासमा जोड दिंदै बजारोन्मुख वस्तीहरुको प्राकृतिक स्रोत, ऐतिहासिक, सामाजिक, सांस्कृतिक पहिचान र आर्थिक सामर्थ्यको आधारमा गतिशील सहर र निर्माणको राष्ट्रिय रणनीतिलाई अवलम्बन गरिनेछ।

१७) उज्यालो नेपाल अभियानलाई सार्थक तुल्याउन वैकल्पिक उर्जा विकासमा विशेष प्राथमिकता दिनुका साथै "हाम्रो नगर उज्यालो नगर" को कार्यक्रम सञ्चालनमा जोड दिईनेछ।

१८) मिथिला बिहारी नगरपालिका समृद्धिको लागि सार्वजनिक, नीति र सहकारी क्षेत्रको भूमिकालाई अझ प्रभावकारी बनाइनेछ र यस मिथिला बिहारी नगरपालिका मातहतका सहकारीहरुलाई करको दायरामा ल्याईनेछ।

१९) औद्योगिक क्षेत्रमा बाहिरी लगानी बढाउन आवश्यक नीतिगत, कानूनी, प्रशासनिक तथा आर्थिक सुधारका प्रयासहरु अवलम्बन गरिनेछ।

२०) सिंचित क्षेत्रको पहिचान गरि कृषि योग्य भूमिमा सिंचाइ सेवा उपलब्ध गराउन सिंचाइका सम्भाव्य सबै प्रविधि र प्रणालीको विकास एवं व्यवस्थापन गर्न आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२१) मिथिला बिहारी नगरपालिकाको वित्तिय व्यवस्थापन क्षमता र जवाफदेहिता बढाइनेछ। राजनीतिक नेतृत्व र कर्मचारीको क्षमता अभिबृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गनिरेछ। नगरपालिका मातहतका संरचनाहरुमा आवश्यक पर्ने जनशक्तिको व्यवस्था गरिनेछ।

२२) उत्पादनमूलक रोजगारीको अवसर सिर्जना गरी युवालाई रोजगार उपलब्ध गराउन कार्यक्रमहरुको तर्जुमा तथा कार्यान्वयन गरिनेछ। खेलकुद क्षेत्रको विकासका लागि नीति तर्जुमा गरि प्रभावकारी कार्यान्वयन गरिनेछ।

२३) सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासन प्रति प्रतिबद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागिता मुलक बनाउँदै लगिनेछ।

२४) नगरपालिकालाई पुर्ण खोपमुक्त, पुर्ण सरसफाई युक्त बनाउनुका साथै बाल मृत्युदर तथा मातृ मृत्युदर घटाउन महिला स्वयंसेविकाहरु तथा नगर स्वास्थ्य कार्यकर्ताहरुको परिचालनमा अभिबृद्धि गरिने छ। युवा युवतीहरुको लागि यौन तथा एच. आइ. भि. एड्स शिक्षा, सरुवा रोगहरुको नियन्त्रणका लागि प्रचार प्रसार लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ। बर्थिङ्ग सेन्टर सञ्चालनमा विशेष जोड दिईनेछ।

मिथिला बिहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय जनकपुर, धनुषा मधेश प्रदेश, नेपाल

राजेन्द्र प्रसाद यादव
नगर प्रमुख

२५) आजको युग सूचना र सञ्चारको युग हो। सूचना प्रविधिको विकास विना समृद्धिको परिकल्पना गर्न सकिदैन। सूचना प्रविधि युक्त सेवा र नियमित सम्वन्धित कार्यक्रम र तालिम सञ्चालन गरिनेछ।

२६) यस क्षेत्रमा रहेका दलित, जनजाति, अल्पसंख्यक, अपाङ्ग, महिला लगायत लक्षित वर्गका लागि सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु ल्याइनेछ। लैङ्गिक विभेद मार्फत महिलाको स्थान समाजमा पुरुष भन्दा न्यून भएपनि उनीहरुलाई समाजको मुलधारमा ल्याउने, घरको निर्णय प्रक्रियामा महत्वपूर्ण भूमिका खेल्ने, आफूले संविधान तथा कानून बमोजिम पाउने हक र अधिकारबारे जानकारी गराउने लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ। अबको विकास दिगो विकासको लागि १७ ओटा लक्ष्य अनुरुप अपाङ्गमैत्री, बालमैत्री, महिलामैत्री बनाउने तर्फको नीति अङ्गिकार गरिनेछ। अपाङ्गता भएका बालबालिकाको लागि विद्यालयमा छात्रवृत्ति दिने, अपाङ्गहरुलाई सरकारले दिने गरेको सामाजिक सुरक्षा वापतको रकममा अझ सहजीकरण गरिनेछ। दलित समुदायलाई गरिदै आएको सामाजिक बिभेदको अन्तय गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ साथै आदिवासी जनजाति, लोपोन्मुख समुदाय तथा अल्पसंख्यकहरुलाई समेत विकासको मुलधारमा ल्याउन पहल गरिनेछ।

२७) मानव अधिकारको सम्मान एवं सम्बर्द्धन गर्दै मानव अधिकारको प्रत्याभूति गरिनेछ।

## क्षेत्रगत नीति तथा आधारहरु:

### - शिक्षा:

१. विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न बिज्ञहरूको समिति गठन गरी नगर शिक्षा सुधार योजना तर्जुमा गरिनेछ।

२. माध्यमिक शिक्षामा आधारभूत प्राविधिक ज्ञान र सीप सहितको शिक्षा प्रदान गरी विद्यालय तह पूरा गर्दा कम्तिमा एउटा सीपमा स्वरोजगार हुने सक्ने युवा जनशक्ति तयार गर्ने नीति लिईनेछ। बालवालिकालाई विद्यालयमा "ल्याउने, सिकाउने र टिकाउने" कार्यक्रमलाई उच्च प्राथमिक्ताका साथ अगाडी बढाईनेछ। बहिरा प्रकृतिका बालवालिकाहरुको लागि साङ्केतिक सिकाई श्रोत कक्षा सञ्चालनको लागि पहल गरिनेछ।

३. माध्यमिक तहका विद्यार्थीलाई दैनिक पठनपाठनको अतिरिक्त नेपाल स्काउट, जुनियर रेडक्रस सर्कल, खेलकुद र संगीत लगायत्का अतिरिक्त क्रियाकलापमा सहभागी हुन प्रोत्साहित गरिनेछ।

४. शिक्षक - विद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दी मिलान गरी माध्यामिक तहका विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा विज्ञान, गणित र अंग्रेजी विषयका शिक्षक व्यवस्था गर्न संघ र प्रदेश सरकार संग माँग गर्ने र बैकल्पील व्यवस्थापनको लागि आन्तरिक श्रोतबाट स्वयंसेवक शिक्षकको व्यवस्था गरिनेछ।

५. संस्थागत विद्यालय र निजी स्तरमा संचालित शैक्षिक परामर्श केन्द्र, कोचिङ्ग सेन्टर, तालिम केन्द्र लगायतका संस्थाहरूको अभिलेखीकरण गरी नियमन गर्ने व्यव्स्था मिलाईनेछ।

६. सामुदायिक विद्यालयहरूको विद्यालय परिसर सुधार कार्यक्रम संचालन गरिनेछ। यस अन्तर्गत शैचालय निर्माण र स्तरोन्नति, नि: शुल्क सेनेटरी प्याडको सुविधा, पिउने पानीको प्रबन्ध गरिनेछ।

७. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकहरुलाई प्रविधि मैत्री सीप विकास, शिक्षण कला, क्षमता विकास र असल अभ्यास शिक्षण सिकाई आदान प्रदानका कार्यक्रमहरु संचालन गरिनेछ।

८. संविधानको अनुसूचि ८ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) 'ज' बमोजिम मिथिला बिहारी नगरपालिकाको आफ्नै शिक्षा नीति, ऐन, नियम र निर्देशिका बनाउनेछ।

९. पालिकालाई पूर्ण साक्षर घोषणा गर्नका लागि विभिन्न शैक्षिक क्रियाक्लापहरु सञ्चालन गरिनेछ।

मिथिला बिहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय ... मधेश प्रदेश, नेपाल

राजेन्द्र प्रसाद यादव
नगर प्रमुख

१०. पालिकाको शैक्षिक प्रोफाईल तयार गरि प्रस्तुत गरिनेछ।

११. हरेक बिद्यालय, वडा कार्यालय र नगरपालिकामा E-Attendance (विद्युतीय हाजिरी) मेशिन जडान गरिनेछ।

१२. बिद्यालयमा कुनैपनि विद्यार्थीले मोबाइल फोन लिएर जान नपाउने, साथै शिक्षकले पनि कक्षा कोठा भित्र मोबाइल फोन बोकेर जान नपाउने व्यवस्था अनिवार्य रुपले लागु गरिनेछ।

१३. सार्वजनिक विद्यालयबाट कक्षा १० र १२ मा उत्कृष्ट अङ्क ल्याउने एक छात्र र एक छात्रालाई Laptop प्रदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१४. नगर प्रमुख छात्रवृत्ति कोष स्थापना गरि गरिब जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनेछ।

१५. शैक्षिक संस्था भएको ठाउँमा सय मिटर वरिपरिमा कुनै किसिमको मदिरा पसल राख्न नपाइने व्यवस्था मिलाईनेछ,

१६. स्थानीय पाठय पुस्तक लागु गरिनेछ।

१७. विद्यार्थीलाई पढाइका साथ साथै विभिन्न किसिमका Extra Curricular Activities मा पनि सहभागी गराईनेछ।

## - स्वास्थ्य:

१) एक वर्ष भित्र आवश्यक नीतिगत कानूनी र संस्थागत संरचना र स्थानीय स्वस्थ्य प्रोफाईल निर्माण गरिनेछ।

२) नेपाल सरकारको स्वास्थ्य नीति अनुरुप यस नगरपालिकामा रहेको स्वास्थ्य चौकी मध्ये मिथिलेश्वर मौवाही संस्थालाई स्तरोन्नती गरी १५ शैयाको नगर स्तरिय एउटा आधारभूत अस्पताल निर्माण कार्य काम कार्यवाहीका लागि आवश्यक पहल गरिनेछ।

३) यस आ. व. भित्र आवश्यक पूर्वाधार निर्माण गरी स्वास्थ्य चौकी भूतही पटेर्वा र ठेरामा बर्थिङ्ग सेन्टर सञ्चालन गरिनेछ। साथै नागरिकको स्वास्थ्य परिक्षणको लागि शुलभ दरमा नगर स्तरिय ल्याब सञ्चालन गरिनेछ।

४) सस्तो र गुणस्तरिय औषधीको लागि नगर स्तरमा सहकारी मार्फत फार्मेसी सञ्चालन एवं व्यवस्थापन गरिनेछ।

५) ६५ वर्ष माथिका ज्येष्ठ नागरिक महिला स्वास्थ्य स्वयंसेविका, अति विपन्न दलित, एकल महिला, अति असक्त र अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य विमा शूल्कमा ५० प्रतिशत अनुदान दिई प्रकृया सहज बनाईनेछ।

६) ५ वर्ष भित्र सबै नगरवासिलाई स्वास्थ्य विमा गर्ने अभियान सञ्चालन गरी यस नगरलाई "पूर्ण स्वास्थ्य विमित" बनाईनेछ।

७) सुविधा सम्पन्न एम्बुलेन्स सेवा प्रदान गरिनेछ।

८) ४० वर्ष माथिका हरेक नागरिकलाई वर्षमा १ पटक नि: शूल्क चेक जाँच, समय समयमा वडा र सामुदायमा "घुम्ती जन स्वास्थ्य शिविर" सञ्चालन एवं व्यवस्थापन गरिनेछ।

९) आयुर्वेद उपचार पद्धतिको सिद्धान्त अवलम्वन गर्दै कार्यक्रम अगाडी बढाईनेछ।

१०) हरेक नागरिकलाई स्वास्थ्य बीमा गर्न प्रेरित गरिनेछ।

११) हरेक स्वास्थ्य चौकीमा CCTV Camera जडान गरिनेछ।

१२) नि:शुल्क स्वास्थ्य शिविरको व्यवस्था गरिनेछ।

१३) अपांग,अशक्त र असहाय व्यक्तिको लागि घरमै पुगेर नि:शुल्क स्वास्थ्य जाँचको व्यवस्था मिलाईनेछ।

## - कृषि विकास, सहकारी तथा पशुपंक्षी विकास:

१) कृषि तथा पशु पालन क्षेत्रको विकास तथा उत्पादकत्वमा वृद्धि गर्न कृषक समुह, समिति, सहकारी, गैर सरकारी संस्थाहरुसँग साझेदारी गर्ने नीति अवलम्बन गरिनेछ।

२) नगर क्षेत्रका उर्वर भूमिलाई सिंचित गर्न सिचाईको लागि आवश्यक व्यवस्था गरिनेछ।

मिथिला बिहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय तारापट्टी, धनुषा मधेश प्रदेश, नेपाल



राजेन्द्र प्रसाद यादव
नगर प्रमुख

३) सहकारी संस्था सम्वन्धी आवश्यक कानून एवं मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ।

४) माटो परीक्षण विधी अवलम्बन गरि कृषिलाई अझ वैज्ञानिक बनाइनेछ।

५) गाउँको उत्पादनलाई बजारीकरण गरिनेछ।

६) आधुनिक प्रविधियुक्त कृषि कार्यक्रमलाई प्रोत्साहित गरिने छ। पशुपंक्षी पालन र कृषिमा आत्मनिर्भर हुने कार्यक्रमलाई अगाडी बढाइनेछ।

७) व्यवसायिक कृषि तथा पशुजन्य उत्पादनमा कृषकहरुलाई सघाउ पुर्याउने खालका कार्यक्रमहरु संचालन गरिनेछ।

८) कृषि उपजमा किटनाशक औषधीको प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक उत्पादनमा जोड दिइनेछ।

९) पशुपालन लाई जिविकोपार्जनको लागी मात्र नभई व्यवसायिकरण गर्ने निति अवलम्वन गरिनेछ।

१०) "किसान कल्याण योजना" अन्तर्गत किसानको सूचिकरण र वर्गिकरण गरी साना किसानलाई "किसान क्रेडिट कार्ड" वितरण गर्ने तथा राहत सुविधाको प्याकेज कार्यविधि र मापदणड बनाई उपलब्ध गराउने।

११) उन्नत विंउ र उन्नत नश्लका पशुपंक्षीमा कार्यविधि बनाई अनुदान दिईनेछ।

१२) कृषि विद्युत खपतमा किसानलाई सत प्रतिशत अनुदान उपलब्ध गराईनेछ।

१३) महिला मैत्री कृषि प्रविधिको विकास तथा महिला किसानलाई थप राहत एवं अनुदान उपलब्ध गराईनेछ।

१४) निर्वाहमुखि कृषि कार्यलाई व्यवसायिक, अयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनको नीति अपनाईनेछ।

१५) बाढी, पहिरो, डुवान, खडेरी आदीको प्रकोप बाट प्रभावित किसानलाई लक्षित गरी राहत तथा जिविकोपार्जन सहयोगको नीति लिईनेछ।

१६) सहकारी पूँजीलाई उत्पादन मूलक र सेवाको क्षेत्रमा परिचालन गर्दै सहकारी विद्यालय, कलेज, स्वास्थ्य केन्द्र आदीको सञ्चालन गर्दा स्थानीय तहको समन्वयमा गर्ने निति लिईनेछ।

१७) "एक वडा एक उत्पादन" को नीति अनुरुप कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गरिनेछ र सो को लागि नगरपालिकाबाट कृषक एवं कृषक समूहलाई प्रोत्साहन गरिनेछ।

१८) मतस्य तथा कृत्रिम जलाशय निर्माण सम्वन्धी मापदण्ड तयार गरिनेछ।

१९) कृषि बजारिकरण नीति अङ्गिकार गरि पूर्वाधार विकाश प्रशोधनको कार्यक्रम न्यूनतम मूल्य निर्धारण तथा खरिद बिक्रि व्यवस्थापन, गोदाम घर निर्माण, ग्रेडिङ्ग र प्याकेजिङ्गको संरचना निर्माणको साथै सित भण्डारण स्थापनाको नीति लिईनेछ।

२०) कृषि क्षेत्रमा भूमिगत एवं सतही सुचाँई सम्वन्धी आवश्यक नीति लिईनेछ।

- **पुर्वाधार तथा संरचना विकास:**

१) आवधिक नगर विकास योजना, भू-उपयोग योजना, प्रकोप व्यवस्थापन योजना, भवन निर्माण मापदण्ड, नगर यातायात गुरुयोजना एवं महत्वपूर्ण योजनाको अध्ययन अनुसन्धान गर्दै ईन्जिनियरिङ्ग रिपोर्ट तयार गरिनेछ।

२) वडा समितिको सिफारिश तथा नगर कार्यपालिका बाट पेश भै आएका योजनाहरुलाई प्राथमिकता एवं सम्भाव्यता अध्ययन र लाभान्वित वर्गको आधारमा कार्यान्वयन गरिनेछ।

३) नगरपालिका क्षेत्र भित्रका मुख्य मुख्य सडकहरु ग्राभेल, पक्की र कालोपत्रे गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

४) नगर क्षेत्रहरुमा सडक बत्तिको लाईन जडान गर्ने कार्य बिधुत प्राधिकरणसंग समन्वय गरिनेछ साथै धार्मिक स्थल, सार्वजनिक ठाँउ, हाट बजार, स्वास्थ्य संस्था तथा विद्यालयमा सडक बत्तिको व्यवस्थापन गरिनेछ।

५) अन्य निकाय, संघ र संस्थाको साझेदारमा नगरको विकास गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।

६) ऐतिहासिक एवं धार्मिक, साँस्कृतिक महत्वका पोखरीहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ।

मिथिला बिहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय तारापट्टी, धनुषा मधेश प्रदेश, नेपाल



राजेन्द्र प्रसाद यादव
नगर प्रमुख

७) नगरपालिकाको स्रोत साधनले सम्भव नहुने योजनाहरुलाई सम्बन्धित निकायमा योजना कार्यान्वयनका लागि सिफारिश गरी पठाईनेछ ।

८) नगरमा आधुनिक व्यवसायिक भवन निर्माणको लागि सम्भाव्यता अध्ययन गरी निजी तथा गैरसरकारी क्षेत्रको लगानी भित्र्याईनेछ ।

९) बढ्दो सार्वजनिक जग्गा तथा सडक अतिक्रमणलाई अन्य निकायहरुको सहकार्यमा नियन्त्रण गर्ने कार्यलाई प्रभावकारी बनाईनेछ ।

१०) नगर क्षेत्र भित्रका अधुरा र क्रमागत योजना पूरा गर्ने कार्यलाई पहिलो प्राथमिकता दिईनेछ ।

११) नगरपालिकाको केन्द्रलाई व्यवस्थित गर्न चक्रपथ निर्माणको कार्य शुरु गरिनेछ ।

१२) सडक नाला निर्माण हुने सडक खण्डहरुमा उपभोक्ताहरुद्वारा सो सडक किनारमा बृक्षारोपण गर्ने कार्यलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

१३) नगरपालिकाको कार्यालय भवन निर्माण कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ । नगर कार्यपालिकाको भवन निर्माणको कार्य अगामी २ वर्ष भित्र पूरा गरिनेछ ।

१४) प्रत्येक वडाका सडक, खानेपानी, बिजुली र फोहर व्यवस्थापन गर्न ठोस योजना निर्माण गरि कार्यान्वयन गरिनेछ ।

१५) पुरानो बजारहरुलाई क्रमशः सुधार गरि सडक चौडा गर्ने, ढल तथा नालाको व्यवस्था गरिनेछ ।

१६) "एक वडा एक गौरव योजना" को नीति अवलम्वन गर्दै पूर्वाधारको विकाश विस्तार गरिनुका साथै नगरको सबै वडाहरुमा ठुला योजनाहरु सडक, खानेपानी, सिचाई एवं अन्य पूर्वाधार निर्माणको DPR तयार गरि व्यवस्थित रुपमा कार्य सञ्चालन गरिनेछ ।

१७) पूर्वाधारका कार्यक्रम संचालन गर्दा अपाङ्गमैत्री, बालमैत्री, लैंगिक मैत्री, वातावरण मैत्री तथा मापदण्ड बमोजिम गरिनेछ ।

१८) वडा कार्यालयको भवन नभएको ठाँउमा क्रमश: वडा कार्यालय भवनको निर्माण गरिनेछ । यसको लागी आवश्यक सहयोगको व्यवस्था गरिनेछ ।

१९) नयाँ नापी गराई वाटो तथा सार्वजनिक जग्गाको (नेपाल सरकारको नाममा रहेको) लगत कट्टा गर्न आवश्यक पहल गरिनेछ ।

२०) रिभल्वीङ्ग फण्डको व्यवस्था गरी सेवा र सुविधा युक्त कार्यक्रमहरु सहकार्यमा संचालन गरिनेछ ।

२१) घर घरमा स्वस्छ खानेपानीको व्यवस्था गरिनेछ ।

२२) नगर भित्रको कृषि सडकहरुलाई स्तरोन्नति गर्दै मूख्य सडकमा जोडिने कार्य अगाडी बढाईनेछ ।

२३) नगर भित्रको सबै निर्मित सार्वजनिक संरचाहरुलाई सुविधा समपन्न तथा सञ्चालनमा ल्याईनेछ ।

२४) शौचालय निर्माण सर-सफाई तथा स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ ।

२५) नगर सभा बाट पारित योजनाहरुको लागत ईष्टिमेट आश्विन मसान्त सम्म, सम्झौता र कायदिश मङ्सिर मसान्त सम्म, कार्य सम्पन्न र भूक्तानी जेष्ठ १५ गते भित्र सशक्त रुपमा पालना गराईनेछ ।

२६) श्रम तथा रोजगारी मूलक काममा उपभोक्ता समिति लाई प्राथमिकता दिईनेछ साथै त्यस कार्यका लागि लागत जनसहभागिताको अंश नगदमा जम्मा गर्ने प्रावधान लागु गरिनेछ ।

२७) सार्वजनिक जग्गा अतिक्रमण गरि भौतिक संरक्षण तथा पसल संचालन गर्नेलाई बिस्थापित गरिनेछ ।

२८) नगरपालिकालाई खाल्डा खुल्डी मुक्त नगर बनाइनेछ ।

२९) खुला ठाँउ वा सर्बजनिक ठाँउमा मदिरा जन्य पदार्थ बेच्न तथा सेबन गर्न नपाउने व्यवस्था मिलाईनेछ ।

३०) नगरपालिकालाई खेलकुदमा अगाडि बढाउनका लागि भलिबल, फुटबल र क्रिकेट स्टेडियम तथा जिमखाना निर्माण गरिनेछ ।

मिथिला बिहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय ... मधेश प्रदेश, नेपाल

राजेन्द्र प्रसाद यादव
नगर प्रमुख

- **जनसंख्या तथा सामाजिक विकास:**

१. जनस्तरबाट सञ्चालित सामुदायिक उच्च विद्यालय एवं विद्यालयहरुलाई नगरपालिकाबाट अनुगमन गरी आवश्यक सहयोग गर्ने नीति लिईनेछ साथै उच्च शिक्षा लगायत अन्य मा. वि., आ. वि. तथा प्रा. वि. हरुलाई विद्यार्थी संख्याको आधारमा आवश्यक सहयोग गरिनेछ नगर क्षेत्र भित्र रहेका माध्यमिक विद्यालयहरुलाई प्राविधिक शिक्षा तर्फ उन्मूख गरिनेछ।

२. खेलकुदको स्तर विकास गर्न नगर क्षेत्रका खेलाडीहरुलाई प्रोत्साहनको लागि नगरपालिका बाट सम्मान तथा पुरस्कृत गरिनेछ। साथै नगरपालिका भित्रका विभिन्न क्षेत्रमा योगदान पुर्‍याउने प्रभुत्व व्यक्तिहरुलाई पुरस्कृत एवं सम्मान गरिनेछ।

३. सबै वडाहरुमा टोल विकास संस्था गठन गरी सुशासन, विकास निर्माण तथा गरिबी न्यूनीकरणका लागि समुदायलाई नै उत्तरदायी बनाईनेछ।

४. नागरिक सचेतना केन्द्र मार्फत सीमान्तकृत महिलाहरुको उत्थान र सशक्तिकरणमा विशेष जोड दिईनेछ।

५. आगलागी, बाढी, भुकम्प, महामारी जस्ता प्रकोपमा क्षति न्यूनिकरण गर्न र प्रकोपको अवस्थामा उद्धार, राहत तथा पूर्नस्थापना जस्ता कार्यहरु गर्न प्रकोपको व्यवस्थापन योजना बनाई सरोकारवाला निकाय र समुदायसँग सहकार्य गरी कार्यक्रम गर्ने नीति अबलम्बन गरिनेछ।

६. स्थानीय मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी आवश्यक कार्य गरिनेछ।

७. स्थानीय भाषा तथा संस्कृतिको संरक्षण र विकासमा जोड दिईनेछ।

८. एलानी, पर्ति र पोखरीहरु तथा नेपाल सरकारको नाउँमा दर्ता कायम भएको जग्गाहरुको संरक्षण, सम्वर्द्धन र प्रर्वद्धन गरी नगरपालिकाबाट समुचित व्यवस्थापन गरि राजश्व असुली तर्फ कदम चाल्नेछ।

- **महिला, बालबालिका तथा अन्य लक्षित वर्ग:**

१) विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी महिलाहरुको सशक्तिकरण सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२) बालमैत्री स्थानीय शासनको अवधारणालाई संस्थागत विकास गर्ने नीति लिईनेछ।

३) बाल क्लव गठनलाई प्राथमिकता दिई बाल सञ्जाल एवं बालबालिकाको क्षमता विकास सम्बन्धी कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरि बालमैत्री नगर विकासको नीति अंगीकार गरिनेछ।

४) सार्वजनिक सेवालाई अपाङ्गमैत्री बनाईनेछ। अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक सहायक सामाग्री वितरण गरिनेछ।

५) जेष्ठ नागरिकहरुको सामाजिक पहिचान, सम्मान एवं सामाजिक सुरक्षाका विशेष जोड दिईनेछ।

६) दलित एवं पछाडि परेको वर्गको हक अधिकारको प्रर्वद्धन एवं निर्णय प्रक्रियामा सहभागिता अभिवृद्धि गर्दै सशक्तिकरण क्षमता विकास, सीप एवं चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ।

७) ६५ वर्ष माथि उमेरका जेष्ठ नागरिक, महिलाहरुलाई सांस्कृतिक भ्रमण गराईनेछ।

८) युवा तथा महिलाहरुलाई पछिसम्म काम लाग्ने दीर्घकालीन सिपमूलक तालिमको व्यवस्था गरिनेछ।

९) बिपन्न नागरिकलाई काजक्रिया गर्न आबश्यक सहयोग गरिनेछ।

१०) युवाहरुलाई खेलकुदमा अगाडी वढाउन खेलकुद सामग्री वितरण गरिनेछ।

११) वैदेशिक रोजगारमा जाने युवाका लागि सीपमूलक तालिमको व्यवस्था गरिनेछ।

राजेन्द्र प्रसाद यादव
नगर प्रमुख

- **वातावरण संरक्षण, खानेपानी तथा सरसफाई:**

१. खाली पर्ती जग्गामा उपभोक्ता समुह, विद्यालय परिवार र नागरिक समाज मार्फत वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ ।

२. यस नगरपालिकालाई पूर्ण सरसफाई युक्त तुल्याउन खुला दिसा मुक्त सम्बन्धी कार्यक्रमलाई सफल गर्न सार्वजनिक शौचालय तथा सरसफाई अभियानको रुपमा संचालन गरिनेछ ।

३. स्वच्छ खानेपानीको सहज आपूर्तिको लागि ओभरहेड ट्यांक निर्माण कार्यलाई प्राथमिकता दिई सोका लागि सम्बन्धित निकायहरुमा पहल गरिनेछ ।

४. नगरको फोहर मैला व्यवस्थापनमा निजि क्षेत्र समेतलाई परिचालन गरी सार्वजनिक निजी साझेदारी मोडेलको अवधारणा अनुरुप विशेष कार्य गर्ने नीति लिईनेछ । सो का लागि आवश्यक DPR कार्यलाई अगाडी बढाईनेछ ।

५. नगरको फोहर मैला, मृत जनावरहरु, शौचालयको लेदो आदि विसर्जनका लागि सार्वजनिक जग्गा सहितको उचित व्यवस्थापन गरिनेछ ।

- **राजस्व अभिवृद्धि तथा कर प्रशासन:**

**१. तत्कालिन नीति:**

- नमूना कर कानूनहरुको निर्माण गरि प्रयोगमा ल्याउने,
- विशिष्टीकृत राजस्व शाखाको स्थापना र कर्मचारीको व्यवस्था गर्ने,
- वस्तुगत तथ्यको आधारमा करको आधार मूल्याङ्कन तथा निर्धारण गर्ने,
- स्थानीय जनताले तिर्न सक्ने क्षमताको आधारमा करको दर निर्धारण गर्ने,
- कर तथा गैर कर राजश्वको अनुगमन गर्न बिशेष टोली गठन गरी परिचलान गरिनेछ,
- बेरुजु रकम लाई शून्य पार्ने निति लिईनेछ ।

**२. मध्यमकालिन नीति:**

- करको स्रोत अनुसार निश्चित कर कानून बनाउने,
- कर तथा गैर कर राजस्वको आधार र संरचनाको विकास गर्ने,
- जनताको क्षमता अनुकूल प्रगतिशील करको दर निर्धारण गर्ने,
- करको विवरण, निर्धारण, गुनासो र दाखिलालाई सहज र करदाता मैत्री बनाउन सूचना प्रविधिको प्रयोग गर्ने,
- अन्तर स्थानीय सरकारको संयुक्त राजस्व प्रशासनको अभ्यास गर्न कार्यगत ढाँचा तयार गर्ने

**३. दीर्घकालिन नीति:**

- अनलाइन वित्तीय सूचना अद्यावधिक र विश्लेषण गर्ने,
- राजस्वका नवीन स्रोतको पहिचान र परिचालन गर्ने,
- संघिय वित्तीय प्रणालीमा विद्यमान सबै किसिमका असन्तुलन कम गर्न अन्तर सरकारी वित्त हस्तान्तरणलाई तथ्यगत र अनुमान योग्य बनाउने,
- आर्थिक ऐन अनुसार उपलब्ध गराउदै आएको कर छुटलाई पुनरावलोकन गरिनेछ,
- करदाताहरुलाई कर प्रणालिमा स्वेच्छिक रुपमा सहभागि गराउन समग्र राजश्व प्रणालिलाई करदाता मैत्री बनाईनेछ ।

शिवसताक्षी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, झापा, प्रदेश, नेपाल

राजेन्द्र प्रसाद यादव
नगर प्रमुख

- **प्रशासन, सुशासन तथा पारदर्शिता:**

१। नगरपालिका कार्यालयका प्रत्येक शाखाको अभिलेख प्रणाली लगायत अन्य व्यवस्थापनमा समयानुकुल सुधार गर्दै लगिनुका साथै कार्यालय संगठन, शाखा, उपशाखा र कर्मचारीको कार्य विवरण तयार गरी अद्यावधिक गर्दै लगिनेछ।

२। पेश्की तथा बेरुजुलाई अहिले देखि नै कडाईका साथ नियन्त्रण गर्दै पेश्की तथा बेरुजु शुन्य पार्ने नीति अवलम्बन गरिनेछ।

३। नगरपालिकाका कर्मचारीहरुलाई नेपाल सरकारले तोके बमोजिमको पोशाक भत्ता वापतको रकम उपलब्ध गराई तोकिएको पोशाक र परिचयपत्र अनिवार्य रुपमा लगाउन व्यवस्था गरिनेछ।

४। कर्मचारीहरुको क्षमता विकास गरी कार्य सम्पादनको गुणस्तर अभिवृद्धि गरिनेछ।

५। कर्मचारीहरुलाई काम प्रति बढी जिम्मेवार बनाई प्रोत्साहन गर्न नगरपालिका मातहतका विषयगत क्षेत्रमा उत्कृष्ट काम गर्ने कर्मचारीलाई नगर कार्यपालिकाको निर्णयानुसार पुरस्कृत र सम्मान गरिनेछ।

६। कार्यालयका कर्मचारीहरुमा स्वच्छ आचरण निर्माण गरी सेवाग्राही प्रति सम्मानपूर्ण व्यवहार गर्ने नीतिलाई प्रभावकारी बनाईनेछ।

७। नागरिक वडापत्रमा उल्लेख भएका सेवाहरु तोकिएको समयमा दिन नगरपालिका प्रतिवद्ध रहनेछ।

८। नगरपालिकाको गतिविधिलाई विद्युतीय सञ्चार र सूचना प्रविधिको माध्यमबाट सार्वजनिक गर्ने नीति अनुरुप कार्यालयको आधिकारिक वेबसाईट तथा स्थानीय सञ्चार माध्यमबाट प्रशारण गरिनेछ।

९। नगरपालिकाद्वारा प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी, पारदर्शी एवं जन उत्तरदायी बनाउन सूचना प्रविधि युक्त बुलेटिन, ब्रोसर प्रकाशन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, नियमित प्रगति समीक्षा गरी सुशासनको प्रत्याभुति दिईनेछ।

१०। विद्युतीय शासनको अवधारणा बमोजिम नगरपालिकाको क्रियाकलापलाई Paperless बनाउदै लगिनेछ साथै सेवा प्रवाहको लागि सफ्टवेयर र सूचना प्रविधिमा विशेष जोड दिई नगरपालिकाको आफ्नै सर्भरमा अनलाईन सेवाको विस्तार गर्दै सेवा प्रवाहको स्तर अझ बढाउदै लगिनेछ।

११। नगरपालिकाको निर्णय कार्यान्वयन एवं आवश्यक कार्यका लागि नगर प्रहरीहरुलाई व्यवसायिक र व्यवस्थित गरिनेछ।

१२। व्यक्तिगत घटना दर्तालाई वडा स्तरबाटै विद्युतीय प्रणाली मार्फत पञ्जीकरण हुने व्यवस्था मिलाईनेछ।

१३। सबै वडा कार्यालय, स्वास्थ्य संस्थाहरु, विद्यालयहरु, सार्वजनिक ठाउँ तथा हाट-बजारमा CCTV Camera जडान गरिनेछ।

१४। नगरपालिका भित्र ध्वनी प्रदूषण हुने गरि कुनै किसिमको डिजे, बाजा वा हर्न बजाउन नपाइने व्यवस्था मिलाइनेछ।

१५। नागरिकको गुनासो, सल्लाह र प्रतिक्रियाको लागि नगरपालिकाले एउटा छुट्टै *WhatsApp (ह्वाटसएप) नं. जारि गरिनेछ।*

१६। डिजिटल नागरिक वडापत्रको ब्यवस्था मिलाइनेछ।

यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट नगरको विकासको आधारशीला खडा हुनेछ, आर्थिक पारदर्शिता र सुशासन कायम हुनेछ। नगरको सेवाको गुणस्तर वृद्धि भई मिथिला बिहारी **"उत्कृष्ट नगर सरकार"** को रुपमा नेपालको मानचित्रमा अंकित हुनेछ। यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबै क्षेत्रबाट विशिष्ट योगदान प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु। अन्त्यमा नगरको विकासमा योगदान पुर्याउनु हुने जनप्रितिनिधिज्यूहरु र राष्ट्रसेवक कर्मचारी, राजनैतिक दल, निजी क्षेत्र, सहकारी तथा संघ/संस्था, नागरिक समाज, बुद्धिजीवी र टोल विकास संस्था, सञ्चार जगत सुरक्षा निकाय तथा सम्पूर्ण नगरबासीहरुलाई धन्यवाद ज्ञापन गर्दछु।

मिथिला बिहारी नगर सरकारको तर्फबाट मैले हालसम्म प्राप्त उपलब्धिहरुलाई अझ सुदृढ बनाउदै, आर्थिक, सामाजिक र सांस्कृतिक सबै क्षेत्रको समतामूलक विकासका लागि "समुन्नत, सुरक्षित र वातावरण मैत्री सुन्दर मिथिला बिहारी शहर: कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा एवं प्रविधि मैत्री समृद्ध मिथिला बिहारी नगर" भन्ने दीर्घकालीन लक्ष्य सहित "समृद्ध नगर : सुखी नगरबासी" को आकांक्षा पूरा गर्ने अठोटका साथ आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु। यो कार्यक्रम बाल्यकालमा शिक्षा, स्वास्थ्य र पोषण, युवा अवस्थामा सीप र सूचना प्रविधिको प्रयोग, उद्यमशीलता र रोजगारी, जीवनको उत्तरार्द्धमा जेष्ठ नागरिकलाई सम्मान, संरक्षण, महिलालाई समतामूलक अवसर सिर्जनामा केन्द्रित छ।

**धन्यवाद।**

मिथिला बिहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषा
मधेश प्रदेश, नेपाल

राजेन्द्र प्रसाद यादव
नगर प्रमुख